# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १ २०८२ जेठ १८


## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## <u>सूचना</u>

**छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

छायाँनाथ रारा नगरपालिका फोहरमैला व्यवस्थापन निर्देशिका, २०८२

# फोहरमैला व्यवस्थापन निर्देशिका, २०८२

**स्वीकृत मिति**
२०८२/०१/२५
**प्रकाशित मिति**
२०८२/०२/१८

## सवंत २०८२ को निर्देशिका नं. २

## **फोहरमैला व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गर्न बनेको निर्देशिका**

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र उत्सर्जन तथा उत्पादन हुने फोहरमैलाको भरपर्दो र प्रभावकारी रुपमा वैज्ञानिक व्यवस्थापन गर्न, स्वच्छ, सफा र सुन्दर नगरपलिका बनाउने अभिष्ठ पुरा गर्न फोहोरको न्यून उत्पादन, उत्पादित फोहोरको पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्नका लागि छायाँनाथ रारा नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक घर, पसल, होटेल तथा रेष्टुरेण्ट, व्यवसायिक तथा औधोगिक प्रतिष्ठान, शिक्षण संस्था, निजि तथा गैरसरकारी संस्था, कार्यालय, बैंक तथा वित्तिय संस्था, धार्मिक स्थल, सार्वजनिक स्थल आदिबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन गर्ने कार्यलाई सबैको सक्रिय सहभागितामा फोहरमैलाको संकलन, ढुवानी तथा अन्तिम विसर्जन गरी सडक तथा सार्वजनिक स्थल, गल्ली, खुल्ला क्षेत्र, उद्यान, नदी र नदी किनार आदिको फोहरमैलाको उचित व्यवस्थापन गरी वातावरणीय सुधार ल्याउन वाञ्छनयि भएकाले,

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ को उपदफा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले यो निर्देशीका बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्ररम्भ:** (१) यो निर्देशिकाको नाम छायाँनाथ रारा नगरपालिका "फोहरमैला व्यवस्थापन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका छायाँनाथ रारा नगरपालिकाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "नगर प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ग) "उपप्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ। सो शब्दले प्रमुख प्रशासकीय अधिकृतको कार्य गर्न तोकिएको अधिकारी समेतलाई जनउँछ।

(ङ) "कोष" भन्नाले छायाँनाथ रारा नगरपालिकाद्वारा स्थापित खानेपानी, सरसफाई तथा वातावरण कोष सम्झनु पर्छ।

(च) "साझेदार" भन्नाले छायाँनाथ रारा नगरपालिकाद्वारा फोहरमैला व्यवस्थापन गर्न स्थापित कोषमा साझेदारी गर्ने अन्य जुनसुकै संघसंस्था वा निकायलाई सम्झनुपर्छ।

(छ) "औधोगिक फोहरमैला" भन्नाले औधिगिक प्रटिष्ठानबाट निष्काशन हुने रासायनिक पदार्थ समेत मिसिएको हानिकारक तथा प्रदुषण युक्त फोहरमैला सम्झनु पर्छ।

(ज) "औधोगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ।

(झ) "कन्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै बस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई सम्झनु पर्छ।

(ञ) "ढूबानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्र सम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा स्थानीय निकायले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ।

(ट) "न्यूनिकरण" भन्नाले कुनै पनि प्रविधि वा उपकरणको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा काम गर्ने कार्य सम्झनु पर्छ।

(ठ) "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट स्थानीय निकायले तोकेका स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(ड) "प्रदुषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पारी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ।

(ढ) "प्रभावित क्षेत्र" भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित क्षेत्रलाई सम्झनु पर्छ।

(ण) "प्रशोधन" भन्नाले फोजहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(त) "प्रशोधन स्थल" भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ।

(थ) "पुनःचक्रिय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनःप्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ।

(द) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारिक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको ठोस, तरल, ग्यास, लेदो, धुवाँ, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ।

(ध) "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ।

(न) "फोहरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ।

(प) "बन्द पश्चात व्यवस्थापन (पोष्ट क्लोजर म्यानेजेमेण्ट)" भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ।

(फ) "रसायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकुल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ।

(ब) "विर्सजन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ।

(भ) "सङ्कलन केन्द्र" भन्नाले घर तथा सार्वजनिक स्थलबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारण समयसम्ममा अन्यत्र फाल्न, राख्न वा थुपार्न नगरपालिकाले तोकेको फोहरमैला सङ्कलन वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ।

(म) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ।

(य) "स्थान्तरण केन्द्र" भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहरमैला सङ्कलनको लागि नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ।

(र) "स्वास्थ्य संस्था जन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ।

(र्) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्‍याउने विभिन्न रुपमा निष्काशित कारयालय सम्झनु पर्छ।

(ल) "सेवाग्राही" भन्नाले नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे वापत सेवा शुल्क तिर्नु पर्ने दायित्व भएका व्यक्ति, घर, संस्था, निकाय भन्ने सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>निर्देशिकाको उद्देश्य तथा सेवा शुल्क</u>

३. **<u>निर्देशिकाको उद्देश्यः</u>** (१) यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० ले फोहरमैला व्यवस्थापनका लागि दिएका अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुर्‍याउने,

(ख) फोहरमैला व्यवस्थापनका लागि स्थानीय स्तरमा समन्वय र सहकार्य गर्दै सहभागितात्मक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(ग) नगरपलिका क्षेत्रमा रहेका विभिन्न संघ संस्था, छिमेकी स्थानीय निकाय र अन्य सामाजिक संघसंस्थाहरु सँग समन्वय गरी फोहरमैला व्यवस्थापनका लागि सचेतना अभिवृद्धि गर्न मद्दत गर्ने।

(घ) वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन एवं सरसफाईका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने।

(ङ) फोहरमैला व्यवस्थापनका क्षेत्रमा क्रियाशील साझेदार संस्थाहरुका कार्यमा आवश्यक सहयोग पुऱ्याउने।

(च) फोहरमैला व्यवस्थापनका सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय वा अन्तराष्ट्रिय संघ, संस्थाहरुसँग समन्वय कायम गर्न मद्दत गर्ने।

(छ) फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैरसरकारी संघ संस्थासँग सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने।

४. **<u>सेवा शुल्कः</u>** (१) सेवा शुल्क सम्बन्धमा छायाँनाथ रारा नगरपालिकाको निर्णय अनुसार बमोजिम व्यवस्था हुनेछ।

कनगरपालिकाले फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ,

(क) यसरी सेवा शुल्कको निर्धारण फोहरमैला परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा हुनेछ।

(ख) यसरी उठाइने सेवा शुल्क नगरपालिका आफैले वा उसले तोकेको व्यक्ति वा फर्म वा संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(ग) नगरपालिकाबाट फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति वा फर्म वा संस्था वा निकायले नगरपालिकासँग भएको सम्झौताको आधारमा फोहरमैला व्यवस्थापन गरे वापत तोकिएको रकम पाउनेछ।

(घ) फोहरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संकग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाको खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन कोषमा आम्दानी बाँधी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ।

(२) नगरपलिकाले फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट देहाय अनुसारको दरमा सेवा शुल्क लगाई उठाउनेछ।

| | |
|---|---|
| (क) आवासीय घर | -पचास रुपैया |
| (ख) व्यवसायिक घर | -एक सय रुपैया |
| (ग) संस्थागत विद्यालयहरु | -दुईसय रुपैयाँ |
| (घ) होटेल रेष्टुरेण्ट | तीनसय रुपैया |
| (ङ) ठूलो होटल | चारसय रुपैयाँ |
| (च) ठूला भवन तथा आश्रय | पाँचसय रुपैया |

(३) सेवा शुल्क हेरफेर वा थपघट गर्नु परेमा यसै निर्देशिका बमोजिम बनेका फोरमैला व्यवस्थापन समितिको सिफारिसमा नगरकार्यपालिकाले सेवा शुल्क हेरफेर वा थपघट गर्न सक्नेछ।

(४) फोहरमैला व्यवस्थापन शुल्कबाट प्राप्त रकमलाई सरसफाईसँग सम्बन्धित कार्यमा लगानी गरिनेछ।

५. **सेवा निलम्बन वा अन्त्य गर्न सक्ने:** (१) देहायको अवस्थामा सेवाग्राहीको सेवा निलम्बन वा अन्त्य गर्न सकिनेछ।

(क) छायाँनाथ रारा नगरपालिकाले निर्धारण गरेका सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धि सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। यस्ता सेवाग्राहीलाई नगरपालिकाबाट प्रदान गरिने अन्य सेवा सुविधाबाट समेत बहिस्कार गर्न सकिनेछ ।

(ख) फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले निर्धारित सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिकामा दिनु पर्नेछ।

(ग) सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ। जथाभावी फोहरमैला फालेमा वा राखेमा प्रचलित कानून बमोजिम दण्ड जरिवाना हुनेछ।

(२) सेवाग्राहीले बुझाउनु पर्ने सबै सेवा शुल्क बुझाएमा निजलाई पुनःसेवा प्रदान गरिनेछ।

## परिच्छेद-३

## फोहरमैला व्यवस्थापन समिति तथा काम, कर्तव्य र अधिकार

६. **फोहरमैला व्यवस्थापन:** (१) छायाँनाथरा रा नगरपालिका भित्र उत्पादित सबै प्रकृतिका फोहरमैलाको संकलन त्यसको निष्काशन लगायतका फोहरमैला व्यवस्थापनको जिम्मेवारी नगरपलिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा स्थानीय बजार व्यवस्थापन समिति, बैंक तथा बित्तिय संस्था, सहकारी, सामुदायिक संस्था, टोल विकास समिति, आमा समूह, यूवा क्लब लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारी र सहभागिताका आधारमा गर्ने व्यवस्था मिलाउनेछ।

(३) उपदाफा (२) बमोजिम सामुदायिक संस्थाहरुको साझेदारीका आधारमा फोहरमैला व्यवस्थापन गर्दा अनुसूवी-१ मा उल्लेख भए बमोजिम त्यस्ता संस्थाहरु सँग सम्झौता गरि व्यवस्थापन गरिनेछ।

७. **व्यवस्थापन समितिको गठनः** (१) फोहरमैला व्यवस्थापन कार्यमा आवश्यक नीति निर्माणको लागि सुझाव दिन तथा कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्न तथा दफा ६ बमोजिम फोहरमैला व्यवस्थापन समेतका लागि देहाय अनुसारको एक व्यवस्थापन समिति गठन गरिने छ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर प्रमुखले मनोयन गरेको नगर सभाका सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर प्रवक्ता - सदस्य

(ङ) लेखा वा राजश्व शाखा प्रमुख - सदस्य

(च) प्रविधिक शाखा प्रमुख (ईन्जिनियर) - सदस्य

(छ) कार्यालयका खानेपानी, सरसफाई तथा स्वच्छता ईकाईका प्रमुख - सदस्य सचिव

(२) व्यवस्थापन समितिको बैठक सामान्यतया छ महिना एकपटक बस्नेछ। तर आवश्यकता महशुस भएमा जुनसुकै बेला पनि बोलाउन सकिनेछ ।

(३) अध्यक्षको आदेशले सदस्य सचिवले बैठक बोलाउनेछ ।

(४) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य सँख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकमा गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

८. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ७ बमोजिम फोहरमैला व्यवस्थापनका लागि गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) वातावरण ऐन तथा नियमावली र यससँग सम्बन्धित अन्य प्रचलित कानूनहरुको अधिनमा रही नगरभित्रको फोहरमैला व्यवस्थापनका लागि नगरको अल्पकालिन तथा दिर्घकालीन योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा गर्ने,

(ख) फोहरमैला व्यवस्थापन र पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउनका लागि जन चेतनामूलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने,

(ग) नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहरमैला व्यवस्थापनको अनुगमन मुल्याङ्कन र समिक्षा गर्ने,

(घ) नगरपलिका क्षेत्रमा उत्पादन हुने फोहरमैलालाई बर्गीकरण गरी सो फोहर मध्ये जैवीक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामाग्री तथा अन्य प्रकृतिका फोहरलाई 4R (Refuse ( बहिस्कार गर्ने), (Reduce (कम गर्ने), Reuse (पुनःप्रयोग गर्ने), and Recycle (पुनःचक्रण गर्ने)) अवधारणा अनुसार व्यवस्थापन गर्ने,

(ङ) फोहरमैला व्यस्थापनमा क्रमश स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने,

(च) ल्याडफिल साइट निश्चित समयपछी भरिने हुँदा भरिएका साईटहरुलाई पार्क, गार्डेन, उद्यान आदिका रुपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साईटहरुको खोजी गरी तिनीहरुको संभावनाको अध्ययन गर्ने, सरसफाईमा विशेष ध्यान दिने, ट्रान्सफर स्टेसनको व्यवस्था गर्ने,

(छ) फोहरमैला व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक कार्य गर्ने,

(ज) फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोत साधनको पहिचान, संकलित श्रोतको परिचालन गर्ने व्यवस्था मिलाउने,

(झ) फोहर संकलन र व्यवस्थापनको प्रभाव क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवशयक कार्य गर्ने,

(ञ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने,

(ट) फोहरमैला व्यवस्थापनका लागि भैपरी आउने सम्पुर्ण कार्यहरु गर्ने, गराउने,

(ठ) फोहरमैला व्यवस्थापनमा प्रभावकारीता ल्याउन विषयगत समितिको गठन गर्ने,

(ड) फोहरमैला कार्डको व्यवस्थापन गर्ने ।

९. <u>**उपसमिति वा कार्यदल गठन गर्न सक्ने:**</u> (१) समितिले फोहरमैला व्यवस्थापनमा प्रभावकारीता ल्याउन आवश्यकता अनुसार विषयसँग सम्बन्धित विशेषज्ञ, नगर कार्यपालिकाको कार्यालयका विभिन्न शाखा, ईकाइका प्रमुख, प्रभावित क्षेत्रमा टोल विकास संस्थाका प्रतिनिधि, फोहरमैला व्यवस्थापन सेवा क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य संघ, वडा नागरिक मञ्चका प्रतिनिधि समेत रहेको बढीमा सात सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) फोहरमैला व्यवस्थापनमा जनसहभागिता जुटाउन पहल गर्ने,

(ख) फोहरमैला व्यवस्थापन कार्यको अनुगमन र मूल्याङ्कन गर्ने,

(ग) फोहरमैला व्यवस्थापन कार्यको लागि आवश्यक श्रोत साधनको खोजी गर्ने,

(घ) फोहरमैला व्यवस्थापन कार्यको दीगो र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन क्षेत्रका लागि सम्भावित वैकल्पिक स्थानको खोजी गर्ने,

(च) फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदायम गैर सरकारी संघ संस्थासँग सहकार्य र साझेदारी गर्न सम्भावनाहरुको खोजी गर्ने।

१०. <u>**व्यवस्थापन समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार:**</u> (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन गर्ने,

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने, गराउने,

(घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गरने तथा कामको आवश्यकता समन्वय गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनको लागि वित्तिय तथा भौतिक स्रोत जुटाउन र परिचालन गर्न गराउन नगरपालिकालाई सहयोग गर्ने,

(च) बैठकका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने,

(छ) फोहरमैला व्यवस्थापनको कामको अनुगमन मूल्याङ्कन गर्ने गराउने।

११. <u>**व्यवस्थापन समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**</u> (१) सदस्य सचिव काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्षको सल्लाहमा छलफलका विषयहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने,

(ख) बैठकको निर्णय लेख्ने, केन्द्रका सबै कागजात जिम्मा लिने,

(ग) फोहरमैला व्यवस्थापन सम्बन्धित सूचनाहरु, तथ्याङ्क तथा अभिलेख अद्यावधिक गर्ने,

(घ) फोहरमैला व्यवस्थापन सम्बन्धित प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनसँग सम्बन्धित कार्यक्रम तर्जुमा, स्वीकृति र कार्यान्वयनका लागि आवश्यक कार्यवाही गर्ने,

(च) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(छ) फोहरमैला व्यवस्थापन सम्बन्धी चल अचल सम्पत्तको संरक्षण गर्ने गराउने,

(ज) फोहरमैला व्यवस्थापन सम्बन्धी बैठकको निर्णयहरु र सो सम्बन्धी भए गरेका काम कारवाही तथा प्रगतीलाई मासिक रुपमा कार्यालय प्रमुख समक्ष पेश गर्ने,

(झ) फोहरमैला व्यवस्थापन सम्बन्धि अन्य काम कार्यालय प्रमुखको निर्देशनमा सम्पादन गर्ने।

१२. <u>**व्यवस्थापन समितिको सदस्यको काम, कर्तव्य र अधिकारः**</u> (१) सदस्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने,

(ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने,

(घ) बैठकमा निर्णयमा पुग्ने मतदान गर्नुपर्ने भए मतदान गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,

(च) व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## <u>फोहरमैला व्यवस्थापन विधि, जिम्मेवारी तथा भुमिका र व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता</u>

१३. <u>**फोहरमैला व्यवस्थापन विधिः**</u> (१) नगरपलिकाले देहाय अनुसारको विधहरु मध्ये कुनै एक वा मिश्रित विधिबाट फोहरमैला व्यवस्थापन गर्नेछ।

(क) स्वयं नगरपालिकाको कार्यालयले,

(ख) टोल विकास संस्था वा टोल विकास समिति परिचालन गरेर,

(ग) सार्वजनिक नीजि साझेदारीबाट,

(घ) खरिद विधिबाट वा

(ङ) अन्य वैकल्पिक विधिबाट।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम नगरपालिकाले फोहरमैला व्यवस्थापनको लागि जनचेतना, क्षमता अभिवृद्धिका कार्यक्रम, गोष्ठी, सेमिनार, अन्तक्रिया, अभिमुखिकरण, सामाजिक परिचालन, उत्प्रेरक तथा स्वयंसेवक परिचालन, समन्वय, प्रचारप्रासार, अनुगमन, मुल्याङ्कन जस्ता कार्य गर्नेछ।

(३) फोहरमैला व्यवस्थापनमा उपदफा (१) को खण्ड (ख) बमोजिमका टोल विकास संस्था तथा टोल विकास समितिलाई पूर्ण वा आंशिक रुपमा परिचालन गर्न वा पूर्ण वा आंशिक रुपमा जिम्मेवारी दिन सकिनेछ।

१४. <u>फोहरमैला घटाउने विधिः</u> (१) फोहरमैला घटाउनको लागि देहाय बमोजिमको विधीबाट फोहर घटाउन प्रोत्साहित गरिनेछ।

(क) श्रोतमै (जहाँ फोहर उत्पादन हुन्छ) कुहिने, नकुहिने र पुनःप्रयोग गर्न सकिने गरी तिन भागमा छुट्टाउने,

(ख) सबै कुहिने जति फोहरलाई घरमै खाडल खनेर कम्पोष्ट मल बनाउने, पुनःप्रयोग गर्न सकिने फोहर पुनःप्रयोग गर्ने वा त्यस्तो सामान उत्पादन गर्ने उद्योगमा कच्चा पदार्थको रुपमा पठाउने,

(ग) सकभर भाडाहरु प्लाष्टिकका भन्दा धातुबाट बनेका प्रयोग गर्ने,

(घ) प्लाष्टिकका झोलालाई निषेध गरी जुटका वा कपडाका झोलाको प्रयोग गर्ने,

(ङ) पुनःप्रयोग गर्न सकिने सामानहरुलाई पुःप्रयोग गर्ने,

(च) बिद्युतिय सामानहरु मर्मत गर्ने वा पुन चक्रिय गर्नेलाई दिने।

१५. <u>फोहर व्यवस्थापनको जिम्मेवारी कसको हो?</u>

(क) मुख्य रुपमा जसले फोहर गर्छ त्यसैको हो।

(ख) अन्यमा निजी क्षेत्र, स्थानीय संघ संस्था (जस्तै आमा समुह, टोल विकास संस्था, क्लब) हो।

(ग) स्वयं नगरपालिका

(घ) सबै राजनितिक दल नागरिक समाजको हो।

(ङ) शिक्षण संघ संस्था, स्वास्थ्य संस्था, सरकारी कारयालय एवं गैर सरकारी संस्थाहरु तथा सुरक्षा निकायहरु, सञ्चार जगत सबैको हो।

१६. <u>फोहर व्यवस्थापनमा विभिन्न निकायहरुको भुमिकाः</u>

**(क) प्रत्येक घर परिवारको भुमिका**

(१) फोहरलाई घरमै कुहिने, पुन प्रयोग हुने र ल्याण्ड फिल्ड वा डम्पिङ्ग साईटमा पठाउनु पर्ने गरी तिन भागमा छुट्टाउने,

(२) कुहिने फोहरहरु पुन चक्रिय र पुन प्रयोग घरमै राखि सम्बन्धित संकलनकर्तालाई दिने,

(३) ल्याण्ड फिल साईटमा पठाउने फोहर बाटो तथा नाला वा ढलमा नफ्याकी फोहर संकलन गर्न आउने सवारी साधनमा सिधै राखिदिने,

(४) कुहिने फोहरबाट घरमै मल बनाउने,

(५) आफ्नो घर आंगन अगाडिको सडक सधै सफा राक्ने,

(६) कमसेकम प्रत्येक घरको अगाडी दुई वटा एउटै साइजको गमलामा एउटै जातको फुल रोप्ने,

**(ख) छायाँनाथ रारा नगरपालिकाको भुमिका**

(१) फोहरमैला व्यवस्थापन सम्बम्धि कार्यलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने,

(२) कार्यविधि बनाई सरसफाई शुल्क लगाउन, फोहर संकलन गर्ने लगायतका काम व्यवस्थित गर्ने,

(३) निजी क्षेत्र विभिन्न संघ संस्था एवं क्लबहरुलाई परिचालन गर्ने,

(४) ल्याण्ड फिल्ड साइटको लागि उपयुक्त जग्गा छनौट गर्ने,

(५) जनचेतनामुलक कार्यहरु गरी फोहरको उत्पादन घटाउने, हानीकारिक फोहर प्रवेशमा रोक लगाउने आदि।

**(ग) उद्योग वाणिज्य संघको भुमिका**

(१) पुन चक्रिय तथा पुन प्रयोग हुने सामानहरु संकलन गरी पुन प्रयोगमा ल्याउने,

(२) आफुले आयात गरेका सामाग्रीले फोहर बढाएको देखिएमा विशेष सरसफाईको लागि कार्यक्रम गर्ने,

(३) आ-आफ्नो पसल अगाडि आफ्ना ग्राहकले फोहर राख्न उपयुक्त भाडो राखिदिने,

(४) सरसफाई शुल्क निर्धारण र संकलन गर्न नगरपालिकालाई सहयोग गर्ने,

(५) बजारलाई सुन्दर र सफा बनाउन विभिन्न किसिमको प्रायोजन गर्ने,

(६) सरसफाइको अभियानमा निजी क्षेत्रलाई परिचालन गर्ने,

(७) हानीकारक र फोहर बढाउने खालका सामाग्री आयात सकभर नगर्ने।

**(घ) आमा समुह, टोल विकास संस्था, टोल विकास समिति, क्लबहरुको भुमिका**

(१) फोहर जथाभावी रुपले फाल्नेलाई सामाजिक दण्ड दिने,

(२) सरसफाइ सम्बन्धि कार्यलाई सफल बनाउन सहयोग गर्ने,

(३) घरघरमा फोहर छुट्टाउने काममा तालिम दिने,

(४) अनुगमन गर्ने,

(५) जनचेतना जगाउने।

**(ङ) शिक्षण संस्थाहरुको भुमिका**

(१) सबै कक्षाहरुमा सरसफाइ र वातावरण सम्बन्धि चेतना बढाउने खालका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने,

(२) विद्यालय परिसर नमुनाको रुपमा सफा राख्ने,

(३) फोहर छुट्टाउने तरिका फोहरको वर्गीकरणबारे बालबालिकालाई ज्ञान दिने,

(४) फोहर र यसबाट स्वास्थ्यमा पर्ने असरबारे सचेत गराउने,

(५) सफा एवं रमणिय स्थल र फोहर स्थलको अवलोकन गराउने,

(६) हप्तामा एक कक्ष सरसफाइ र वातावरण सम्बन्धी चेतना बढाउने खालको विषय राख्ने।

**(च) गैर सरकारी संघ संस्थाहरुको भुमिका**

(१) नगरपालिकाले प्राथमिकता दिएका कार्यक्रम सञ्चालन गर्न श्रोतको परिचालन गर्ने,

(२) जनचेतना जगाउने खालका कार्यक्रम सञ्चालन गरी फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने,

(३) जैवीक फोहरमैलाबाट कम्पोष्ट मल बनाउने, पलाष्टिकबाट विभिन्न सामाग्रीहरु उत्पादन गर्ने र बजारिकरण गर्ने कार्यमा संघ संस्थाहरुलाई सहयोग गर्ने,

(४) स्वच्छ वातावरण, प्राकृतिक श्रोतको व्यवस्थित उपयोग र सरसफाइ सम्बन्धी कार्यलाई प्रोप्साहन हुने खालका सूचना सम्प्रेषण गर्ने।

**(छ) सञ्चार जगतको भुमिका**

(१) असल अभ्यासहरुको प्रचार प्रसार गर्ने,

(२) जनचेतना जगाउन सहयोग पुराउने,

(३) नियमित रुपमा वातावरण संरक्षण फोहर व्यवस्थापन जस्ता विषयमा जानकारी मुलक प्रस्तुतहरु प्रकाशन प्रसारण मार्फत जानकारी गर्ने।

१७. <u>अनुमति सम्बन्धी व्यवस्थाः</u>

(क) फोहरमैला व्यवस्थापन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपलिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(ख) अनुमति नलिई कसैले पनि नगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन।

(ग) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतीको लागि नगरपलिकामा निवेदन दिनु पर्नेछ।

(१) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(२) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(३) तोकिएको बमोजिमको अन्य विवरण।

(घ) यसरी पर्न आएको निवेदन उपर सम्बन्धित स्थानीय निकायको जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ।

(ङ) फोहरमैलाको व्यवस्थापन, पुनःप्रयोग, प्रशोधन र विर्सजनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृत लिई नगरपालिकाले अनुमतिपत्र दिन सक्नेछ।

(च) अनुमतिपत्र सम्बन्धि अन्य व्यवस्था कानूनमा तोकिए बमोजिम हुनेछ।

१८. **निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिनेः** (१) कार्यालयले आवश्यकता अनुसार अनुमति प्राप्त नीजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेताबाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ। फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै सामुदायिक एवं गैरसरकारी संघ संस्थाको हकमा देहायका कुनै वा सबै काम गराउन सकिनेछ।

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला सङ्कलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनःप्रयोग, पुनःचक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन र

(च) विसर्जन पश्चात व्यवस्थापन।

१९. **प्रतिस्पर्धा गराई फहरमैला व्यवस्थापनको जिम्मा दिनेः** (१) कार्यालयले निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी पर्तिस्पर्धा गराई व्यवस्थापनको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ। यसरी फोहरमैला व्यवस्थापनको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ।

(क) नगरपलिकालाई बुझाउन कबुल गररेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गरिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनःप्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी,

(२) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिका संग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ।

(४) प्रतिस्पर्धाबाट सम्झौता अनुसार काम नगरेमा वा कार्य सम्पादन सन्तोषजनक नभएमा सम्झौता भंग गरी असुल उपर गर्नु पर्ने रकम असुल उपर गरी बाँकी अवधिको लागी प्रतिस्पर्धामा क्रमश दोस्रो, तेस्रो स्थानमा रहेको पक्ष संग सम्झौता गरिनेछ।

२०. **<u>फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिने:</u>** (१) फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्विकृत दिने सम्बन्धमा देहाय अनुसारको व्यवस्था गरिनेछ।

(क) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्बीकृत माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपलिकाले स्विकृत दिन सक्नेछ।

(ख) यसरी निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन नगरपलिकाले गर्नेछ।

(ग) अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा तयस्तो व्यक्ति वा कम्पनीको स्वीकृत नगरपलिकाले रद्द गर्न सक्नेछ।

२१. **<u>सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने:</u>** (१) नगरपलिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थासँगको साझेदारीमा फहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ,

(२) नगरपलिकाले सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सक्नेछ।

## परिच्छेद-५

## फोहरमैला उत्पादन, संकलन, न्यूनिकरण तथा निष्काशन

२२. **फोहरमैलाको उत्पादनः** (१) छायाँनाथ रारा नगरपालिका बासी तथा उद्योग व्यवसायमा संलग्न पदाधिकारी, अस्पताल वा क्लिनिकहरुले सकेसम्म आफ्नो कार्यसम्पादन गर्दा कम फोहर उत्पादन हुने गरी गर्ने।

(२) उपदफा (१) बमोजिम फोहर उत्पादन गर्ने व्यक्ति वा संघ संस्थाले आफूले उत्पादन गरेको फोहोर मध्ये आफैले पुनःप्रयोग वा पुनःप्रशोधन गर्ने फोहरको आफै व्यवस्थापन गर्ने व्यवस्था मिलाई फोहर कम गर्ने उपाय अपनाउनु पर्नेछ र आफूले पुनःप्रयोग वा पुःप्रशोधन गर्न नसक्ने फोहरमैला मात्र विसर्जनका लागि नगरपलिकाले व्यवस्था गरे अनुसार गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उत्पादन भएको फोहर अलग अलग रुपमा पृथकीकरण गरी वातावरणमा प्रतिकुल प्रभाव नपार्ने र नकुहिने खालका फोहरहरुको विक्री वितरण गर्ने कार्य सकेसम्म उत्पादक स्वयमले मिलाउनु पर्नेछ। यसरी उत्पादक स्वयम विक्री वितरण गर्ने कार्यमा सम्पुर्ण नगरवासीहरुलाई नगरपलिकाले आवश्यक सहयोग गर्नेछ।

(४) उपदफा (१) बमोजिम फोहर उत्पादन गर्ने व्यक्ति वा संघ संस्था जथाभावी फोहर उत्पादन गर्ने वा विसर्जन गरेमा त्यस्ता व्यक्ति वा संघ संस्थालाई दफा ३६ बमोजिम कसुरदार मानिनेछ।

(५) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ।

२३. **फोहरमैला पृथ्कीकरण गर्नेः** (१) यस निर्देशिकाको दफा १९ को उपदफा (१) बमोजिम फोहर उत्पादन गर्ने व्यक्ति वा संघ संस्था आफुले उत्पादन गरेको फोहरलाई कुहिने वा नकुहिने, पुन प्रयोग गर्न सकिने वा नसकिने, जैविक वा अजैविक र अन्य कुनै प्रकारबाट स्रोतमा नै छुट्टाउने र पृथ्कीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्टाइएको फोहरको विसर्जन गरी नगरपालिकाले उपलब्ध गराएको आवश्यक प्रविधि वा सामान वा उपकरण वा कन्टेनर मार्फत फोहरमैला व्यवस्थापन केन्द्रसम्म लैजाने कार्यका लागि नगरसभाले तोकेका दस्तुर बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आफुले उत्पादन गरेको फोहर पृथ्कीकरण नगर्ने उत्पादकहरुको फोहर नगरपालिकाले उठाउने छैन र फोहरको पृथ्कीकरणमा असहयोग गर्ने उत्पादकलाई दफा ३५ बमोजिमको कसुर गरेको मानी नगरपालिकाबाट उपलब्ध गराउने सेवाहरु समेत उपलब्ध गराइने छैन।

२४. **फोहरमैला निष्कासनः** (१) नगरपालिका क्षेत्र भित्र उत्पादन हुने फोहरमैला निष्काशनको समय स्थान विधि र प्रक्रिया नगरपलिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाको तोकेको विधि र प्रकृया बमोजिम फोहर व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्नु प्रत्येक नगरवासीको जिम्मेवारी र दायित्व हुनेछ।

(३) उपदफा (१) बमोजिम नगरपालिकाले फोहरमैलाको व्यवस्थित निष्कासनका लागि कुनै टोल वा क्षेत्रमा कुनै मिति वा समयमा कुनकुन किसिमको फोहर संकलन गरी निष्कासन गर्ने समय सारिणी तयार गरी प्रकाशित गर्नेछ र त्यस्तो समयसारिणीको पालना गर्नु प्रत्येक नगरवासीको दायित्व हुनेछ।

(४) उपदफा (३) बमोजिम समयसारिणी तयार गरी कार्यान्वयन गर्दा नगरपलिकाले सबै नगरवासीलाई पायक पर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

२५. **फोहरमैला ढुवानी व्यवस्थापन केन्द्रः** (१) नगरपालिका भित्र उत्पादन भएको फोहरमैला संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानको लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपलिकाले मिलाउनु पर्नेछ।

तर नगरपालिकाले तोके बमोजिमको पृथ्कीकरण नगरिएको नगरवासीको फोहरको संकलन र व्यवस्थापन गर्नका लागि नगरपालिका बाध्य हुने छैन।

(२) उपदफा (१) बमोजिमको फोहरको संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहर पृथ्क पृथ्क समय र मितिमा अलग अलग रुपमा गरिनेछ।

२६. **फोहरमैला व्यवस्थापन केन्द्रः** (१) नगरपालिका भित्र उत्पादन हुने फोहरमैला व्यवस्थापनका लागि उपयूक्त स्थानको पहिचान गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गा नगरपालिकाले खरिद गर्न वा भाडामा लिन वा सार्वजनिक जग्गाको व्यवस्था गर्न सक्नेछ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन गर्न नगरक्षेत्र भित्र आवश्यकता अनुसार एक वा एक भन्दा बढी स्थान तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव नयूनीकरण गर्ने उपायको अवलम्बन गर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम तोकिएको फोहरमैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियूक्ति र फोहरमैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा संबन्धित क्षेत्रमा बासिन्दा र क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथमिकता दिइनेछ।

(६) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्न आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको सम्न्वय र सहकार्यमा गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिमको फोहरमैला केन्द्र वरीपरीको क्षेत्रमा वातावरणीय प्रभावलाई न्यूनिकरण गर्नका लागि मानव तथा पशुपंछीको अनाधिकृत प्रवेश वा ढुङ्गा गिटि वालुवाको उत्खन्नलाई आवश्यकता अनुसार प्रतिबन्ध लगाउन सक्नेछ।

(८) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागि नीजि क्षेत्रबाट माग भएमा वातावरणीय प्रभाव लगायत प्रचलित कानूनको अधिनमा रही नगरपालिकाले अनुमती दिन सक्नेछ।

(९) उपदफा (१) बमोजिम नगरपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन केन्द्रको अल्पकालिन मध्यकालिन र दिर्घकालिन योजना बनाई नगरपालिकाको आवश्यकताको आधारमा क्रमश अगाडी बढाईनेछ।

(१०) उपदफा (१) बमोजिम नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि तोकिएको स्थानमा फोहरमैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको बासिन्दाहरुसँगको सहयोग र सहकार्यमा हुने व्यवस्था मिलाउनु पर्नेछ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहरमैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहरमैलाबाट वातावरणमा प्रतिकुल असर नपर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा अनावश्यक दुर्गन्ध फैलिन नदिने व्यवस्था मिलाउनु पर्नेछ।

तर निजि क्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमती दिइएको अवस्थामा वातावरणीय मापदण्ड बमोजिम भए नभएको बिषयमा अनुगमन गरी निर्देशन दिइनेछ ।

२७. **निजी क्षेत्र सँगको सहकार्यमा फोहरमैला व्यवस्थापन गर्न सकिने:** (१) यस निर्देशिका बमोजिम उत्पादन हुने फोहरमैलाको पृथ्कीकरण गर्न, पृथ्कीकरण गरिएको फोहरमैलाको संकलन गरी नगरपलिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहर लैजान, नगर सभाले तोके बमोजिम फोहरमैला शुल्क उठाउन, फोहरमैला व्यवस्थापनका लागि आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालन नीजि क्षेत्र सँगको सहकार्यमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमसहकार्य गर्दा कुन संस्थासँग स्पष्ट शर्तहरु तयार गरी नगरपलिका र सम्बन्धित संस्थाबीच सिधै सम्झौता गरी वा प्रतिस्पर्धाका आधारमा सम्झौता गर्न सकिनेछ।

## परिच्छेद-६

## फोहरमैला व्यवस्थापन शुल्क र आर्थीक व्यवस्थापन सम्बन्धि व्यवस्था

२८. **फोहरमैला व्यवस्थापन शुल्कः** (१) नगरपालिकाले नगर भित्र उत्पादन भएको फोहर व्यवस्थापन गरे वापत नगरसभाबाट तोकिए बमोजिमको शुल्क सेवाग्राहीबाट उठाइनेछ।

(२) उपदफा (१) मोजिमको फोहरमैला व्यवस्थआपन शुल्क निर्धारण गर्दा फोहरमैलाको प्रकृति, फोहरबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असर, फोहरको ढुवानी र तोकिए बमोजिमका अन्य मापदण्डका आधारमा गरिनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका आफैले वा सम्झौता अनुसार नगरपालिकाले तोकेको संघ संस्था वा ब्यक्ति मार्फत उठाइनेछ।

(४) उपदफा (३) बमोजिम कुनै निजी संघ संस्था वा व्यक्तिलाई फोहरमैला व्यवस्थापन शुल्क उठाए वापतको आधारमा निश्चित रकम उपलब्ध गराइनेछ। फोहरमैलाबाट उठाएको शूल्क फोहरमैला वयवस्थापनार्थ प्रयोग गरिनेछ।

२९. **<u>सेवा निलम्बन गर्न सक्ने:</u>** (१) नगरपलिकाद्वारा हुने फोहरमैला व्यवस्थापनमा सहयोग गर्नु प्रत्येक नगरवासीको दायित्व र जिम्मेवारी हुनेछ,

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्ने कार्यमा विरोध गर्ने वा फोहरमैला शुल्क नबुझाउने सेवाग्राहीलाई फोहरमैलासँग सम्बन्धित सेवाबाट तत्काल निलम्बन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सेवा निलम्बन भएको फोहरमैला उत्पादन गर्ने संघ संस्था वा व्यक्तिले आफुले उत्पादन गरेको फोहर आफैले नियमानुसार व्यवस्थापन गर्नु पर्नेछ।

(४) फोहरमैला व्यवस्थापनका लागि दफा २५ को उपदफा (१) बमोजिम नगरसभाबाट तोकिएको शुल्क एक वर्षसम्म नबुझाउने नगरवासीहरुको लगत तयार गरि सम्बन्धित वडामा पठाई वडा कर्यालय र नगरपालिकाबाट पाउने सेवाबाट बञ्चित गराउन सकिनेछ।

३०. **<u>कोषको स्थापना:</u>**

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी काम नगरपलिकामा रहेको वातावरण तथा विपद व्यवस्थापन विशेष कोषबाट सञ्चालन गरिने छ।

(ख) फोहरमैला व्यवस्थापनको कार्यका लागि प्रत्यक वर्ष नगरपलिकाबाट तोकिएको रकम वातावरणीय व्यवस्थापन विशेष कोषमा विनियोजन गरिने छ।

(ग) कोषमा सरसफाई शूल्क वापत नगर बासीबाट प्राप्त रकम, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम रहनेछ।

(घ) नगरपालिका क्षेत्रमा सरसफाइको प्रयोजन तथा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमका लागि उक्त रकम खर्च गरिनेछ ।

(ङ) वातावरण व्यवस्थापन विशेष कोषको रकम कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ।

(च) कोषको खाता सञ्चालन नगरपालिकाका प्रशासकीय अधिकृत वा निजले तोकेको कुनै अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(छ) कोषको लेखापरिक्षण नगरपालिकाको लेखा परिक्षण गर्ने व्यवस्था अनुसार हुनेछ।

(ज) कोषको आर्थीक व्यवस्थापन यस निर्देशिकामा तोकिएको बिषयमा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थीक प्रशासन नियमावली, २०६४ लगायत प्रचलित कानून बमोजिम हुनेछ।

३१. **<u>अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने:</u>** (१) कोषमा फोहरमैला व्यवस्थापनका लागि विनियोजन भएको रकम सोही प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन।

३२. **<u>बैठक भत्ता:</u>** (१) व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुले नगरपालिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन।

३३. **<u>नगर योजनामा समावेश गर्ने:</u>** फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु नगरपालिकाको आवधिक तथा वार्षिक योजनाहरु नगर विकास योजनामा समावेश गर्नुपर्नेछ।

३४. **<u>जाँचपास तथा फरफारक:</u>** कोषबाट सञ्चालन गरिएका फोहरमैला व्वस्थापन सम्बन्धी कार्यहरुको जाँचपास फरफारक व्यवस्थापन समितिको बैठकबाट गरिनेछ।

## परिच्छेद-७

## <u>कसुर तथा सजाय</u>

३५. **<u>कसुर तथा सजाय:</u>** (१) यस निर्देशिका विपरित जथाभावी फोहर फाल्ने, मिसाउने तथा फोहर संकलन कार्यमा अवरोध पुर्‍याएमा यस निर्देशिका बमोजिम कसूर गरेको मानिनेछ।

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्तत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस निर्देशिका बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(ङ) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारिक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(च) यस निर्देशिका बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(छ) घर कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दुषित पानी (लिचेड) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारीसाधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढूवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धि कार्यमा हटताल गर्ने,

(ढ) फोहरमैला अत्याधिक उत्पादन हुने बस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै बस्तुको उत्पादन तथा बिक्रि वितरण गर्ने,

(ण) प्रचलित कानून विपरित रासायनिक विषादिको आयात गर्ने वा म्याद नाघेको (समायावधी सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(त) स्रोत मै फोहरमैलाको पृथ्कीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(थ) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थान, सडक, गलली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

३६. <u>**दणड सजायः**</u> (१) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ तथा यस निर्देशिकामा उल्लेख भए बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्ति वा संस्थालाई नगरपलिकाले देहाय बमोजिम दण्ड सजाय गर्नेछ।

(क) दफा ३५ को उपदफा (१) को खण्ड (क) विपरित फोहरमैला निष्काशन गर्नेलाई पहिलो पटक भए पाँच हजार रुपैया सम्म, दोश्रो पटक भए पाँच हजार देखि दश हजार रुपैया सम्म, र सो भन्दा बढी गरेमा पटकै पिच्छे पन्ध्र हजार रुपैयाका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ।

(ख) दफा ३५ को उपदफा (१) को खण्ड (ख) र खण्ड (झ) बमोजिम कसूर गर्नेलाई नगरपलिकाले पाँच सय रुपैया देखि पाँच हजार रुपैया सम्म जरिवाना हुनेछ।

(ग) दफा ३५ को उपदफा (१) को खण्ड (ग) बमोजिम कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च समेत असूल उपर गर्न सक्नेछ।

(घ) दफा ३५ को उपदफा (१) को खण्ड (घ) र खण्ड (ङ) बमोजिम कसुर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(ङ) दफा ३५ को उपदफा (१) को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैया देखि पन्ध्र हजार सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति हुन गएमा त्यस्तो क्षति वापतको रकम समेत कसुरदारबाट असुलउपर गरिनेछ।

(च) दफा ३५ को उपदफा (१) को खण्ड (छ), (ज) र (द) बमोजिमको कसुर गर्नेलाई नगरपलिकाले पाँच हजार रुपैया देखी पन्ध्र हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(छ) दफा ३५ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले तिस हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

(ज) दफा ३५ को उपदफा (१) को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसुर गर्नेलाई नगरपलिकाले पचास हजार रुपैया देखि एक लाख सम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धि निकायमा लेखी पठाउनेछ।

(झ) दफा ३५ को उपदफा (१) को खण्ड (ड) र (ढ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले दश हजार रुपैया देखि पचास हजार रूपैया सम्म जरिवाना गर्न सक्नेछ वा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ को उपदफा (९) बमोजिम थप कारवाहीको लागि जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउनेछ।

(ञ) दफा ३५ को उपदफा (१) को खण्ड (ण) बोमोजिमको कसुर गर्नेलाई नगरपलिकाले दश हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ वा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ को उपदफा (९) बमोजिम थप कारवाहीको लागि जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउनेछ।

(ट) दफा ३५ को उपदफा (१) को खण्ड (थ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिवाना गर्नेछ।

(ठ) नगरपालिका क्षेत्रभित्र निर्दिष्ट स्थानमा फोहरमैला नफाली यत्रतत्र फालेमा त्यस्तो फोहरमैला हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट असुलउपर गरि पन्ध्र हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

(ड) कसैले आफ्नो घर, छिमेकीको घर, आंगन, चोकमा फोहरमैला फालेमा वा वातावरण दुर्गन्धित हुने कार्य गरेमा नगरपालिकाले पन्ध्र हजार रुपैया सम्म जरिवाना गरी त्यस्तो हानी नोक्सानीको बिगो सम्बन्धित व्यक्तिसित असुलउपर गर्न वा साविक अवस्थामा तयार गर्न लगाउन सक्नेछ।

(ढ) सडक पेटी नालामाथी व्यवसाय (रेष्टुरेन्ट, माछा, मासु, सब्जी पसल, चटपटे, घुपचुप, वर्कसप आदि) सञ्चालन गर्नेलाई पटकै पिछे एक हजार रुपैया देखि पाँच हजार रुपैया सम्म जरिवाना हुनेछ।

## परिच्छेद-८
## विविध

३७. **चिकित्सा क्षेत्रको फोहरमैला व्यवस्थापनः** (१) नगरपलिकाबाट तोकिएको अधिकृत वा अनुगमनकर्ता समितीले चिकित्सा क्षेत्र सँग सम्बन्धित संस्थाले IEE र EIA को वातावरणीय प्रकृया पुरा गरेको नगरेको सम्बन्धमा जाँचबुझ र निरीक्षण गर्नेछ।

३८. **फोहरमैलाको बिक्री वितरणः** (१) नगरपालिकाले फोहर व्यवस्थापन केन्द्रमा संकलन गरेको पुनचक्रण हुने फोहरलाई नियमितरुपमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गर्नका लागि फोहरको वर्गीकरण गरी प्रतिस्पर्धाको माध्यमबाट नगरपलिकाद्वारा त्यसको न्यूनतम मूल्य निर्धारण हुनेछ।

३९. **विशेष कार्यदल गर्न सक्नेः** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन अनुगमनको कार्य एवं यस सम्बन्धमा भएको आदेश बमोजिम दण्ड सजाय कार्यान्वयन गर्न विशेष कार्यदल गठन गर्न सक्नेछ।

४०. **ग्राहक कार्ड लागू गर्नेः**

(क) नगरपालिका क्षेत्रका व्यवसायीहरुले व्यवसाय नविकरण गर्न आउँदा नविकरण गराउनु पूर्व एवं नयाँ पसल व्यवसाय दर्ता गर्दाकै समयमा र घर नक्सा पास गर्दाकै समयमा र सम्पत्ति कर तिर्दाको समयमा नगरपालिका वा फोहर उठाउने जिम्मेवारी पाएको व्यक्ति, फर्म वा संस्थाबाट ग्राहक कार्ड अनिवार्य रुपमा लिएको हुनु पर्नेछ र नियमित शुल्क बुझाएको हुनु पर्नेछ।

(ख) यस्तो ग्राहक कार्ड लिएको नलिएका बिषयमा खानेपानी सरसफाइ तथा स्वच्छता इकाइबाट जाँचबुझ गर्दा कार्ड लिएको प्रमाणित भए पश्चात मात्र व्यवसाय नविकरण गरिनेछ।

४१. **कारवाही गरिनेः** (१) माथि विभिन्न खण्डमा उल्लेखित कसुर गर्ने व्यक्तिलाई तोकिएको दण्ड सजाय, जरिवाना र कैद भुक्तानी नगर्ने व्यक्ति, संस्थालाई देहाय बमोजिम कारवाही गर्न गराउन सकिनेछ।

(क) दण्ड जरिवाना र सजाय तोक्नु अघि सामान्य कसुरमा पहिलो पटक चेतावनी वा सचेत गराउन सकिने,

(ख) छायाँनाथ रारा नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधको अतिरिक्त विद्युत्तिय तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ। यसरी लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्ने वा बन्द गर्न सकिनेछ।

(ग) सेवा प्रदायक निजी कम्पनी, फर्म, गैरसरकारी तथा सामुदायिक संस्था भएमा सेवा बन्देज गर्ने, त्यस्ता संस्थालाई कालो सुचिमा राख्ने।

४२. **<u>सम्पर्क शाखाः</u>** (१) नगरपालिकाको खानेपानी, सरसफाई शाखा फोहरमैला व्यवस्थापनको कार्यको सम्पर्क शाखाको रुपमा रहनेछ ।

४३. **<u>निर्णय गर्न सक्ने:</u>** (१) व्यवस्थापन समितिको सिफारिसका आधारमा नगरपालिकाले प्रचलित कानूनको अधिनमा रही फोहरमैला व्यवस्थापनको कार्य नगरपालिका आफैले गर्ने वा निजी क्षेत्रलाई जिम्मा दिने वा पूर्ण रुपमा समुदायको जिम्मा दिने वा संयूक्त कोष स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्ने वा आंशिक रुपमा कुनै कार्य मात्र कुनै निकायलाई जिम्मा दिने जस्ता व्यवस्थापनका जुनसुकै उपयहरु अवलम्बन गर्ने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

४४. **<u>संशोधनः</u>** (१) यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा कार्यपालिकाको बैठकबाट संशोधन हुन सक्नेछ ।

४५. **<u>बचाउ रखारेजी:</u>** (१) यस निर्देशिका लागु हुनु भन्दा अगाडी फोहरमैला व्यवस्थापन सम्बन्धी भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिनेछ।

(२) यो निर्देशिकामा उल्लेखित बिषयहरु प्रचलित कानूनको व्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

प्रमाणित मितिः २०८२/०२/१८

<u>आज्ञाले,</u>
सूर्यप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत